प्र.जि.अ.का.झापा द.नं. २६/०३२/४०
ह.जि.द.नं. : ९७/०८०/०८१

जनज्योति

साप्ताहिक

Janajyoti Weekly

दीपावली मनाउँदा ध्यान दिऔं

- ✓ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- ✓ मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- ✓ यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- ✓ विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- ✓ पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।

आगजनीबाट बचौं र बचाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष: ४५ ■ अंक : २८ ■ २०८३ कार्तिक २२ गते आइतबार ■ Sunday, 08 Nov. 2026 ■ मूल्य रु. ७।-

दमक जेसीजका पूर्वअध्यक्षहरूको भेटघाट

जनज्योति समाचार



दमक/ नेपाल जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष प्रकाश अधिकारीले जेसीजको पुरानो र नयाँ पुस्तालाई जोड्दै जेसिजलाई समयसापेक्ष अघि बढाउनुपर्ने बताएका छन् ।

शनिवार झापाको दमकमा दमक जेसीज बोर्ड अफ ट्रष्टिजले आयोजना गरेको दमक जेसीजका पूर्वअध्यक्षहरुको भेटघाट तथा शुभकामना आदनप्रदान कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

कार्यक्रमको प्रमुख अतिथि समेत रहेका अधिकारीले सामाजिक उत्तरदायित्व बोकेको निष्पक्ष संस्थाको रुपमा देखिएको यस संस्थाले आफ्नो भूमिकालाई समुदायसामु अझै स्थापित गरेर अघि बढ्नुपर्ने बताए । उनले जेसीजले विभिन्न क्षमता भएका युवालाई जोडेर जानुपर्छ भन्ने बोध जेसीजका हरेक शाखाका नेतृत्वहरुमा हुनुपर्ने सुझाएका छन् ।

बोर्ड अफ ट्रष्टिज दमकका अध्यक्ष गञ्जबहादुर दाहालको अध्यक्षतामा भएको भेटघाट कार्यक्रममा अध्यक्ष दाहालले जेसीजको इतिहास र वर्तमानलाई जोड्न यो कार्यक्रमको आयोजना गरिएको स्पष्ट पारेका थिए । उनले भने- 'संस्थालाई चलायमान बनाउन सबैको साझा दायित्व हो, सबै मिलेर अघि बढ्ने हो भने संस्थाको अभियानलाई मूर्त रुपदिन सकिन्छ ।'

यसैगरी कार्यक्रमका सञ्चालक तथा बोर्ड अफ ट्रष्टिज दमकका सचिव सन्तोष अधिकारीले बोर्ड अफ ट्रष्टिज दमकले अहिलेसम्म गरेका कार्यहरु र आगामी योजनाका बारेमा जानकारी गराएका थिए । उनका अनुसार भेटघाट कार्यक्रममा दमक जेसीजको निर्माणाधिन तालिम भवनलाई सम्पन्न गर्न शाखा तथा समाजका बौद्धिक र समाजसेवी व्यक्तित्वहरुसँग सम्वन्य गर्ने, जेसीजलाई चलायमान बनाउन सल्लाहकारको रुपमा संस्थाले भूमिका निर्वाह गर्ने, दमक जेसीजको मातहातमा रहेको सम्पत्ती र कोषहरुलाई व्यवस्थित एवम् संरक्षण गर्ने लगायतका कार्य गर्दै बोर्ड अफ ट्रष्टिज दमक अघि बढ्ने लगायतका निर्णय भएका छन् । संस्थाले यो वर्षको तिहारमा देउसी भैलो कार्यक्रम सञ्चालन गर्ने भएको छ भने आगामी वर्षदेखि तिहार विशेष कार्यक्रम गर्ने विषयमा छलफल र परामर्श गर्दै अघि बढ्ने जनाएको छ ।

कार्यक्रममा दमक जेसिजका वर्तमान अध्यक्ष अध्यक्ष राजेन्द्र विमलीले संस्थाको गतिविधि र भौतिक अवस्थाको बारेमा जानकारी गराएका थिए भने पूर्व अध्यक्षहरुले आवश्यक सल्लाह र सुझाव राखेर संस्थालाई एकरुपताका साथ अघि बढाउन सुझाव दिएका थिए ।

कार्यक्रममा संस्थापक सदस्य तथा पूर्व अध्यक्ष पदम कोइराला, पूर्वअध्यक्षहरु नित्यानन्द ताजपुरिया, नरेन्द्र बराल, लोकबहादुर अधिकारी, केशव आचार्य, संजिव बराल, सुयोग खरेल, कमल कटुवाल लगायतको उपस्थिति रहेको थियो ।

भेटघाट कार्यक्रममा पूर्व अध्यक्षहरुले निकट आइरहेको स्थानीय निर्वाचनमा जेसिजले बौद्धिक बहसको वातावरण बनाई दमकलाई निष्पक्ष नेतृत्व ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने सुझावसहितको साझा धारणा राखेका थिए ।

बोर्ड अफ ट्रष्टिज दमकको भेटघाट तथा शुभकामना कार्यक्रम दमकस्थित पूर्वसन्देश दैनिकको सभाहलमा सम्पन्न भएको थियो ।

आज लक्ष्मीपूजा



दमक/ यमपञ्चकको तेस्रो दिन आज कार्तिक कृष्ण औंसीको साँझ ऐश्वर्य, धन धान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजाराधना गरी श्रद्धा भक्तिपूर्वक लक्ष्मीपूजा पर्व मनाइँदैछ । सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले वास गर्दिनन् भन्ने मान्यताका आधारमा आज विहानै घर सफासुग्घर र गाईको गोवर एवं रातोमाटाले लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ ।

आज विशेषगरी घरका भ्याल, ढोका, चोटा, कोठा, सँघार, कौसी, अटाली, भञ्याङलगायत स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ । सुखरात्रिको पूजाका लागि आज साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोवर र रातोमाटाले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीको पाइला बनाई उनी आउने बाटो देखाइन्छ ।

पाइलैपिच्छे केराको सुल्तो अथवा माटाको पालामा दीप प्रज्वलन गरी झिलीमिली बनाइन्छ । हाल पालामा दियोका स्थानमा मैनबत्ती बाल्ने प्रचलन बढ्न थालेको छ ।

दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक

बाँकी ४ पेजमा ▸▸

हार्दिक शुभकामना

शुभदीपावली तथा छैठ पर्व २०८३ को सुखद् अवसरमा समस्त ग्राहक, शुभेच्छुक तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

टिका खनाल
(प्रोप्राइटर)

विधित इलेक्ट्रीकल परिवार
दमक-८, झापा

नोट : यहाँ बिजुलीका हरेक सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

तिहारमा प्रधानमन्त्रीको सन्देश



दमक/ प्रधानमन्त्री वालेन शाहले यमपञ्चकको पहिलो दिन काग तिहार तथा धन्वन्तरी जयन्तीको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गरेका छन् । प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत शुभकामना सन्देश जारी गर्दै आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र निरोगी जीवनको कामना गरेका हुन् ।

काग तिहारको सांस्कृतिक र धार्मिक महत्त्व उल्लेख गर्दै प्रधानमन्त्री शाहले यमराजको दूत मानिने कागलाई मीठा परिकार खुवाएर सम्मान गर्ने परम्परासले शुभ समाचार र सद्भावको प्रतीकका रूपमा स्थान पाएको बताएका छन् ।

उनले आधुनिक सञ्चारको विकास हुनुअघि काग कराउँदा कतैबाट समाचार वा पाहुना आउने संकेतका रूपमा लिने प्रचलन रहेको स्मरण गरेका छन् । साथै, परिवारका सदस्यहरूको नाममा यम दीपदान गर्ने परम्परासले यमयातनाबाट मुक्ति र कल्याणको कामना गर्ने धार्मिक विश्वास बोकेको उल्लेख गरेका छन् ।

बाँकी ४ पेजमा ▸▸

महँगियो भाइमसला

दमक/ तिहार नजिकिएसँगै बजारमा भाइमसलाको मूल्य छोइनसक्नु भएको छ । भाइटीकामा दाजुभाइलाई सगुनका रूपमा दिइने काजु, बदाम, पिस्ता, किसमिस, ओखरलगायत ड्राइफ्रुटसको मूल्य गत वर्षको तुलनामा उल्लेख्य बढेको हो ।

केही ड्राइफ्रुटसको मूल्य प्रतिकिलो १ हजार ८ सय रुपैयाँसम्मले बढेको छ भने अधिकांशको मूल्यमा सामान्य वृद्धि भएको छ । विशेषगरी पिस्ताको मूल्यमा भएको वृद्धिले उपभोक्तालाई बढी प्रभावित बनाएको छ ।

तिहारमा भाइटीकाका लागि भाइमसलाको विशेष महत्व हुन्छ । ओखर, नरिवल, किसमिस, आलमण्ड बदाम, छोकडा, काजु, पिस्ता, मखना, खुर्पानी,

बाँकी ४ पेजमा ▸▸

हाम्रो भेट कार्तिक २७ गते हुनेछ

शुभदीपावली २०८३ को शुभ अवसरमा हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अब हाम्रो भेट कार्तिक २७ गते हुने जानकारी गराउँदछौं ।

पूर्वसन्देश दैनिक परिवार
दमक-झापा

हार्दिक शुभकामना

शुभदीपावली तथा छैठ पर्व २०८३ को सुखद् अवसरमा समस्त नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



रुद्र कार्की
(प्रोप्राइटर)

रिभर भ्यू रिसोर्ट परिवार
कमल-झापा

नोट : यहाँ खान र बस्नको राम्रो प्रबन्ध हुनका साथै विविध कार्यक्रमका लागि सभाहलको व्यवस्था छ ।

सम्पादकीय

भूमिहीनका समस्या समाधान आवश्यक

नेपालमा भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासको समस्या दशकौंदेखि जटिल सामाजिक तथा राजनीतिक चुनौतीका रूपमा रहँदै आएको छ। पटकपटक आयोग गठन भए, अध्ययन भए, आश्वासन बाँडिए, तर वास्तविक भूमिहीन नागरिकले अझै जग्गाको स्वामित्व प्राप्त गर्न सकेका छैनन्। भूमि प्राप्तिको आशामा पुस्तौं बिताएका नागरिकका लागि अब आश्वासन होइन, परिणाम आवश्यक छ।

भूमि समस्या समाधान समितिले सार्वजनिक गरेको तथ्यांकले समस्याको गम्भीरता उजागर गरेको छ। एक जिल्लामै भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासी गरी ६० हजार ५७० परिवारले जग्गा प्राप्तिका लागि निवेदन दिएका छन्। यसमा भूमिहीन दलित दुई हजार ८१६, भूमिहीन सुकुम्वासी १५ हजार ७८३ र अव्यवस्थित बसोबासी ४१ हजार ८५१ परिवार छन्। विगतका आयोगका अधुरा कामसमेत जोड्दा चुनौती अझ ठूलो देखिन्छ।

यस सन्दर्भमा आवास प्रयोजनका लागि न्यूनतम मूल्यांकनको १२ प्रतिशत र कृषि प्रयोजनका लागि सात प्रतिशत राजस्व कायम गर्ने निर्णय सकारात्मक छ। यसले आर्थिक रूपमा विपन्न परिवारलाई जग्गाको स्वामित्व प्राप्त गर्न सहज बनाउने अपेक्षा गर्न सकिन्छ। त्यसैगरी, भूमि व्यवस्थामन्त्री प्रतिभा रावलको स्थलगत निरीक्षण, सुकुम्वासीसँगको संवाद र धनीपुर्जा वितरणलाई प्राथमिकता दिने प्रतिबद्धता पनि स्वागतयोग्य छ।

तर सरकारी सक्रियता र नीतिगत घोषणाले मात्र समस्या समाधान हुँदैन। सबैभन्दा ठूलो चुनौती वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीबीच निष्पक्ष वर्गीकरण गर्नु हो। वर्षौंदेखि सार्वजनिक जग्गामा पहुँच र प्रभावका आधारमा कब्जा जमाउनेहरू तथा जीवनयापनका लागि एक टुक्रा जमिनसमेत नभएका नागरिकलाई एउटै दृष्टिले हेर्नु न्यायोचित हुँदैन। वास्तविक हकदारको पहिचानमा राजनीतिक दबाब, आर्थिक प्रभाव र प्रशासनिक मिलेमतो हावी हुन दिनु हुँदैन।

विगतका आयोगका अधुरा काम, त्रुटिपूर्ण तथ्यांक र दोहोरिएका लगतलाई समेत व्यवस्थित गर्न आवश्यक छ। स्थानीय तहको सक्रियता, भूमि समस्या समाधान समितिको निष्पक्षता र संघीय सरकारको दृढ इच्छाशक्तिबीच प्रभावकारी समन्वय हुनुपर्छ।

भूमि नागरिकको आर्थिक सुरक्षा, सामाजिक प्रतिष्ठा र सम्मानपूर्वक बाँच्ने अधिकारसँग जोडिएको विषय हो। त्यसैले भूमिहीनको समस्या राजनीतिक लाभ र चुनावी नाराको विषय बन्नु हुँदैन। वास्तविक भूमिहीनको पहिचान गरी पारदर्शी प्रक्रियाबाट धनीपुर्जा वितरण गर्नुपर्छ। अब आयोग थप्ने होइन, परिणाम दिने बेला हो। भूमिहीनलाई जग्गाको स्वामित्व दिलाएर राज्यप्रतिको विश्वास स्थापित गर्नु नै सरकारको वास्तविक परीक्षा हो।

देवकोटाका प्रेरक भनाईहरु



१. मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।
२. कुनैपनि मानिसको सबै आत्मा बुझाउन सक्ने विद्या अहिलेसम्म निस्केको छैन ।
३. सत्यका लागि त्याग गर्न जसले सक्दैन त्यो कदापी वीर हुन सक्दैन ।
४. खराब चिजबाट पनि असल कुरा लिन सक्नु महानता हो ।
५. चुलीलाई ताक्नु, तिर्सना राख्नु र उचाईतिर लम्कनु नै पर्वतारोही हो ।
६. दर्शन भय हो भने कविता सत्य हो ।
७. घर चिन्न घर छाड्नैं तर, घर नबिर्सौं ।
८. जीवन एक पांग्रा हो, ठीक ठाउँमा नचले बेठीक ठाउँमा चल्ने पक्का छ ।
९. मेरो दिलमा गहिरो घाउ छ, अब न त्यसको उपचार गर्ने कुनै डाक्टर छन् न मेरो कुनै भाउ छ ।
१०. शहर र गाउँमा जम्मा दुईटा कुरा फरक छन्, शहरमा घरहरु नजिक हुन्छन् मन टाढा हुन्छ, गाउँमा घर टाढा हुन्छ तर मन नजिक हुन्छ ।
११. सुन भनेको हातको मैलो हो, आनन्द त त्यसमा छ जहाँ साग र सिस्नुखाँदा मिल्छ ।
१२. संसार अँध्यारो समान हो ।
१३. जीवन भनेको खाक समान छ त्यसैले यसमा घमण्ड नगर ।
१४. मृत्यु जहिल्यै तिम्रो अगाडि हुन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११८ औं जन्मजयन्ती

साहित्यमा मानवता, समाजमा समानता र विचारमा परिवर्तनका संवाहक



दयाराम कट्रेल

'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन'-महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित खण्डकाव्य 'मुनामदन' को यो कालजयी काव्यपंक्ति नेपाली समाजको चेतना जगाउने सशक्त वैचारिक उद्घोष हो। यो केवल साहित्यिक अभिव्यक्ति मात्र होइन, शताब्दीयौंदेखि समाजमा जरा गाडेर बसेको जातीय विभेद, छुवाछुत, अहंकार र सामाजिक असमानतामाथिको गम्भीर प्रहार पनि हो। मानिसको श्रेष्ठता उसको जन्म, जात, धन वा पदले होइन, हृदयको विशालता, मानवीय व्यवहार र कर्मले निर्धारण गर्छ भन्ने सन्देश यस पंक्तिमा अन्तर्निहित छ। आज देवकोटाको ११८औं जन्मजयन्ती मनाइरहँदा उनको यही विचारलाई नेपाली समाजले कति आत्मसात् गर्न सक्यो भन्ने प्रश्नमाथि गम्भीर विमर्श आवश्यक देखिन्छ।

नेपाली साहित्यिक आकाशमा अमर नक्षत्रका रूपमा स्थापित महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कार्तिक २७ गते लक्ष्मीपूजाका दिन काठमाडौंको डिल्लीबजारमा भएको थियो। नेपाली साहित्यलाई विश्वस्तरमा चिनाउने महान् प्रतिभाका रूपमा परिचित देवकोटा कवि मात्र थिएनन्, उनी विचारक, निबन्धकार, नाटककार, आख्यानकार, अनुवादक, शिक्षाविद् र मानवतावादी चिन्तकसमेत थिए। उनको व्यक्तित्व र कृतित्वमा साहित्यिक सौन्दर्य, दार्शनिक चेतना, सामाजिक उत्तरदायित्व र मानवीय संवेदनाको अद्भुत समन्वय पाइन्छ।

देवकोटाको साहित्यिक विशिष्टता भनेको जीवनलाई नजिकबाट बुझ्ने र सामान्य मानिसका अनुभूतिलाई असामान्य साहित्यिक उचाइ प्रदान गर्ने क्षमता हो। उनले साहित्यलाई दरबार, सम्भ्रान्त वर्ग र अभिजात चिन्तनको सीमाभित्र कैद गरेनन्। बरु गरिब, दुःखी, श्रमिक, उपेक्षित र सर्वसाधारण मानिसका पीडा, प्रेम, संघर्ष तथा संवेदनालाई साहित्यको मूल विषय बनाए। यही कारण उनको साहित्य नेपाली जनजीवनको ऐना बन्न सफल भयो।

उनको सर्वाधिक लोकप्रिय कृति 'मुनामदन' यस सन्दर्भमा विशेष उल्लेखनीय छ। तत्कालीन नेपाली समाजमा जातीय विभेद र छुवाछुतले सामाजिक सम्बन्धलाई सांघुरो बनाइरहेको समयमा उनले मानवीय समानताको पक्षमा सशक्त आवाज उठाए। मदन र भोटेको प्रसङ्गमार्फत उनले जातीय श्रेष्ठताको भ्रमलाई चुनौती दिँदै मानवताको सर्वोच्चता स्थापित गर्ने प्रयास गरे। मानिसको वास्तविक परिचय उसको जातीय पृष्ठभूमि होइन, उसको हृदयमा रहेको करुणा र सहयोगी भावना हो भन्ने उनको सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ।

विडम्बना के छ भने देवकोटाले साहित्यिक माध्यमबाट उठाएको सामाजिक समानताको आवाज आज पनि पूर्ण रूपमा व्यवहारमा रूपान्तरण हुन सकेको छैन। नेपालको संविधानले छुवाछुत तथा जातीय विभेदलाई निषेध गरेको छ। कानुनी रूपमा जातीय भेदभाव दण्डनीय अपराध हो। राजनीतिक दलका घोषणापत्रदेखि सामाजिक अभियान र सार्वजनिक भाषणसम्म समानताको पक्षमा आवाज उठ्ने गरेको छ। तर समाजको व्यवहारमा भने जातीय विभेदका अवशेष अझै विद्यमान छन्। कतिपय स्थानमा जातका आधारमा सामाजिक सम्बन्ध, विवाह, धार्मिक गतिविधि र सार्वजनिक अवसरमा विभेद हुने गरेका घटनाले हाम्रो सामाजिक चेतनाको वास्तविक अवस्था उजागर गरिरहेका छन्।

यसले स्पष्ट पार्छ कि कानुन निर्माण गर्नु मात्र सामाजिक रूपान्तरणको पर्याप्त आधार होइन। मानिसको सोच, व्यवहार र सामाजिक संस्कारमा परिवर्तन आउनु पनि उत्तिकै आवश्यक छ। जबसम्म मानवीय नातामन्दा जातीय पहिचानलाई ठूलो ठान्ने प्रवृत्ति रहिरहन्छ, तबसम्म समानताको संवैधानिक प्रत्याभूति व्यवहारमा स्थापित हुन सक्दैन। देवकोटाको 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने विचारलाई पाठ्यपुस्तकमा पढेर वा मञ्चमा उद्धृत गरेर मात्र पुग्दैन, त्यसलाई व्यक्तिगत जीवन र सामाजिक व्यवहारमा उतार्न सक्नुपर्छ।

देवकोटाको अर्को विशेषता भनेको उनको व्यापक मानवीय दृष्टिकोण हो। उनी मानिसलाई जात, धर्म, वर्ग, लिङ्ग वा भौगोलिक सीमाका आधारमा विभाजन गरेर हेर्दैनथे। उनको साहित्यमा मानवप्रेम, प्रकृतिप्रेम, करुणा र विश्वबन्धुत्वको भावना प्रबल रूपमा अभिव्यक्त भएको पाइन्छ। 'पागल' कवितामा उनले स्थापित सामाजिक मान्यता र औसत सोचभन्दा पर पुगेर स्वतन्त्र चेतना र फरक दृष्टिकोणको महत्त्व उजागर गरेका छन्। समाजले असामान्य ठानेको व्यक्तिको अनुभूति र विचारलाई पनि गम्भीरतापूर्वक बुझ्नुपर्ने सन्देश यस कवितामा पाइन्छ। यस अर्थमा देवकोटा केवल साहित्यका स्रष्टा नभएर सामाजिक चेतनाका अभियन्तासमेत हुन्।

उनको साहित्यिक योगदानको अर्को महत्त्वपूर्ण पक्ष भाषिक तथा विधागत विस्तार हो। कविता, महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक र अनुवादलगायतका विविध विधामा उनले कलम चलाए। 'शाकुन्तल', 'सुलोचना', 'प्रमिथस', 'मुनामदन' जस्ता कृतिले नेपाली साहित्यलाई समृद्ध बनाए। विशेषत: 'शाकुन्तल' महाकाव्यले उनको काव्यिक प्रतिभा, कल्पनाशीलता र भाषिक सामर्थ्यको उच्चतम परिचय दिएको छ। 'लक्ष्मी निबन्धसङ्ग्रह' लगायतका उनका निबन्धले नेपाली गद्य साहित्यलाई नयाँ उचाइ प्रदान गरेका छन्। पश्चिमी साहित्यिक दर्शन र पूर्वीय सांस्कृतिक चेतनाबीच सिर्जनात्मक सम्बन्ध स्थापित गर्न सक्ने उनको क्षमता पनि उत्तिकै उल्लेखनीय छ।

देवकोटाको व्यक्तित्वमा साहित्यिक प्रतिभासँगै शिक्षाप्रतिको गहिरो लगावसमेत थियो। उनी शिक्षा मानिसलाई प्रमाणपत्र र जागिर प्राप्त गर्ने माध्यम मात्र नभई स्वतन्त्र चिन्तन, विवेक र सिर्जनशीलता विकास गर्ने आधार हुनुपर्छ भन्ने मान्यतासँग जोडिएका थिए। शिक्षाको वास्तविक उद्देश्य असल र जिम्मेवार नागरिक निर्माण गर्नु हो। आज शिक्षा विस्तार हुँदै गए पनि समाजमा नैतिकता, सहिष्णुता, मानवीयता र आलोचनात्मक चेतनाको विकास अपेक्षित रूपमा हुन नसकेको अवस्थामा देवकोटाको शैक्षिक दृष्टिकोण अझ महत्त्वपूर्ण देखिन्छ।

आजको नेपाली समाज अनेकौं चुनौतीबाट गुज्रिरहेको छ। जातीय विभेदसँगै आर्थिक असमानता, राजनीतिक स्वार्थ, सामाजिक विखण्डन, नैतिक मूल्यको क्षयीकरण र मानवीय संवेदनामा आएको ह्रासले समाजलाई प्रभावित गरिरहेको छ। सामाजिक सञ्जालमा समानता र मानवताको पक्षमा अभिव्यक्ति दिनेहरूकै व्यवहारमा कहिलेकाहीं विभेद र असहिष्णुता देखिनु हाम्रो सामाजिक विरोधाभास हो। यस्तो अवस्थामा देवकोटाको साहित्यलाई केवल साहित्यिक अध्ययनको विषय बनाएर सीमित गर्नु उचित हुँदैन। उनका विचारलाई सामाजिक जीवनसँग जोडेर नयाँ पुस्तामा मानवीय चेतना र उत्तरदायित्व विकास गर्नु आवश्यक छ।

देवकोटाको जन्मजयन्ती मनाउनु भनेको उनको तस्बिरमा माल्यार्पण गर्नु, साहित्यिक कार्यक्रम आयोजना गर्नु र उनका केही चर्चित पंक्ति उद्धृत गर्नु मात्र होइन। उनले उठाएका विचार र प्रश्नलाई वर्तमान समाजसँग जोडेर आत्मसमीक्षा गर्नु पनि हो। हामीले उनको साहित्यबाट कति सिक्यौं ? जातीय विभेदविरुद्ध हाम्रो व्यवहार कति परिवर्तन भयो ? विपन्न र उपेक्षितप्रति हाम्रो संवेदना कति बढ्यो ? समाजमा समानता, न्याय र मानवीय मर्यादा स्थापित गर्न हामीले के योगदान पुऱ्यायौं ? यी प्रश्नको उत्तर खोज्नु नै उनको जन्मजयन्तीको सार्थकता हो।

अन्ततः महाकवि लक्ष्मीप्रसाद देवकोटा कुनै एक कालखण्डका साहित्यकार मात्र होइनन्, उनी युगौंसम्म मानव चेतनालाई उज्यालो बनाइरहने विचारका संवाहक हुन्। उनको साहित्यले हामीलाई सुन्दर भाषा र भावनाको आनन्द मात्र प्रदान गर्दैन, जीवनलाई हेर्ने दृष्टिकोणसमेत सिकाउँछ। मानिसलाई मानिसकै रूपमा सम्मान गर्न, दुःखीको पीडामा संवेदनशील बन्न, अन्यायविरुद्ध आवाज उठाउन र सामाजिक सद्भाव कायम गर्न प्रेरित गर्छ।

देवकोटाको वास्तविक सम्मान उनको जन्मजयन्तीमा गरिने औपचारिक कार्यक्रमले होइन, उनले देखाएको मानवतावादी मार्गमा हाम्रो व्यवहार कति अघि बढ्यो भन्ने कुराले निर्धारण गर्छ। त्यसैले आजको आवश्यकता देवकोटालाई सम्झनु मात्र होइन, उनको विचारलाई जीवनपद्धति बनाउनु हो। जातीय विभेदरहित, न्यायपूर्ण, समतामूलक र मानवीय समाज निर्माण गर्न सकियो भने मात्र 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने उनको कालजयी सन्देशले वास्तविक सार्थकता प्राप्त गर्नेछ। महाकविको साहित्यिक आलोक र मानवतावादी चिन्तन नेपाली समाजलाई युगौंयुगसम्म मार्गदर्शन गरिरहनेछ।

पाठक पत्र

पशुको बलि होइन, संरक्षण गरौं

सम्पादकज्यू,

नेपालीहरूको दोस्रो ठूलो चाड तिहार धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व बोकेको मौलिक पर्व हो। यस पर्वको एउटा विशिष्ट विशेषता भनेको मानिसको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोगी भूमिका निर्वाह गर्ने पशुपन्छीको पूजा, सम्मान र संरक्षण गर्नु हो। तिहारले मानिस र पशुपन्छीबीचको सम्बन्ध, पारस्परिक निर्भरता तथा सहअस्तित्वको सुन्दर सन्देश प्रवाह गर्दै आएको छ।

तिहारको पहिलो दिन काग तिहार मनाइन्छ। सूचना प्रविधिको विकास नभएको प्राचीन समयमा कागलाई सन्देशवाहकका रूपमा लिने गरिन्थ्यो। कागले खबर ल्याउने धार्मिक तथा सांस्कृतिक विश्वासका आधारमा यसको पूजा गर्ने परम्परा चलेको मानिन्छ। दोस्रो दिन कुकुर तिहारमा मानिसको विश्वासिलो साथी, घरको रक्षक तथा सुरक्षामा सहयोगी कुकुरको पूजा गरिन्छ। यसले मानिस र पशुबीचको आत्मीय सम्बन्धलाई उजागर गर्छ।

त्यसैगरी, तेस्रो दिन गाई तिहार अर्थात् लक्ष्मीपूजा मनाइन्छ। गाईलाई दूध, गोबर र गहुँतलगायतका विभिन्न प्रयोजनमा उपयोगी मान्दै सम्मान गरिन्छ। चौथो दिन गोरु तिहारमा कृषि कर्मको महत्त्वपूर्ण सहयोगी गोरुको पूजा गरिन्छ। खेत जोत्नेदेखि गाडा तान्नेसम्मका काममा गोरुले पुऱ्याएको योगदानको कदर गर्नु यस परम्पराको मूल भावना हो। भाइटीकाले भने दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, विश्वास, स्नेह र आत्मीय सम्बन्धलाई प्रगाढ बनाउँछ।

यसरी हेर्दा तिहार केवल धार्मिक आस्था र कर्मकाण्डमा सीमित पर्व होइन। यो पशुपन्छीप्रतिको कृतज्ञता, प्रकृतिप्रतिको सम्मान, जीवप्रतिको करुणा र संरक्षणको भावना अभिव्यक्त गर्ने सांस्कृतिक उत्सव पनि हो। तर विडम्बना, एकातिर पशुपन्छीको पूजा र सम्मान गर्ने परम्परा निर्वाह गर्ने अर्कोतिर विभिन्न धार्मिक तथा सामाजिक बहानामा पशुबलि दिने प्रवृत्ति पनि समाजमा विद्यमान छ। पूजाका नाममा निर्दोष प्राणीको हत्या गर्नु धार्मिक आस्था र करुणाको मर्मसँग मेल खान्छ कि खाँदैन भन्ने विषयमा गम्भीर बहस आवश्यक छ।

धर्मको वास्तविक उद्देश्य प्राणीप्रति दया, माया, सद्भाव र सहअस्तित्वको भावना विकास गर्नु हो। पूजा भनेको जीवनको सम्मान हो, जीवनको अन्त्य होइन। पशुपन्छीले मानव जीवन र पर्यावरणीय सन्तुलनमा पुऱ्याउँदै आएको योगदानलाई आत्मसात् गर्ने हो भने तिनको हत्या होइन, संरक्षण र संवर्द्धनमा जोड दिनुपर्छ।

त्यसैले चाडपर्वका नाममा हुने पशुबलिको विकल्प खोज्दै पूजा, प्रसाद, फलफूल, फूल तथा अन्य प्रतीकात्मक विधिबाट धार्मिक परम्परालाई निरन्तरता दिन सकिन्छ। यसले धार्मिक आस्थालाई चोट नपुऱ्याई मानवीय संवेदना र जीवप्रतिको सम्मानलाई अझ बलियो बनाउनेछ।

अन्ततः तिहारको वास्तविक सन्देश पशुपन्छीको पूजा गरेर मात्र पूरा हुँदैन, तिनको जीवन रक्षा, उचित हेरचाह र संरक्षण गर्ने व्यवहारबाट मात्र सार्थक हुन्छ। पशुबलि पूजा गर्ने संस्कृतिले पशुको हत्या होइन, जीवनप्रतिको सम्मान सिकाउनुपर्छ। त्यसैले हाम्रो साझा संकल्प हुनुपर्छ(पशुको बलि होइन, संरक्षण गरौं; हिंसा होइन, करुणा र सहअस्तित्वको संस्कृति विकास गरौं।

विवेकराज यादव, डायनियाँ, मोरङ

नागरिक समाजसँगको सम्बन्ध साँघुरिँदै

नेपालका नागरिक समाज, गैरसरकारी संस्था र सामुदायमा आधारित संस्थाहरूले विगतदेखि नै राज्यले पुऱ्ग नसकेका स्थान र समुदायसम्म पुग्ने सबैभन्दा प्रभावकारी साझेदारीमा कार्यक्रम गर्दै आएका छ। सन् २०१५ को भूकम्पपछिका राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू गर्न सरकारका मन्त्रालयभन्दा पहिले गाउँ-गाउँमा नागरिक समाज संस्थाहरू नै स्रोत-साधनसहित राहतका लागि पुगेका थिए। संविधान निर्माण प्रक्रियामा पनि सीमान्तकृत समुदायको आवाज राष्ट्रिय बहसमा ल्याउने काम नागरिक समाजका सञ्जालले नै गरेका थिए। राज्यले विद्यमान संविधान जारी भएपछि नेपालका नागरिक समाज, गैरसरकारी संस्था र सामुदायमा आधारित संस्थाहरूका सम्बन्धमा नीतिगत र संस्थागत बनाउनेमा कुनै कार्य गरेको छैन भने हुन्छ।

राष्ट्रिय योजनाका लागि काम गर्ने सरकारी निकायले नागरिक समाजलाई प्रमाण र वैधानिकताको स्रोतका रूपमा नभई नियमन गर्नुपर्ने विषयको रूपमा हेर्दा, कागजमा राम्रो देखिने तर कर्णाली र मधेसजस्ता प्रदेशमा गरिबी र एसडिजी अन्तर सबैभन्दा बढी स्रोत र सम्भावना भएर पनि प्रभावहीन हुने योजना बन्ने जोखिम रहेकै अवस्था हो।

निष्कर्ष र सिफारिस

नेपालको एसडिजी सूचकांकमा भएको सुधार वास्तविक र स्वीकार्य उपलब्धि हो। तर, विश्वव्यापी रूपमा नै लक्ष्यहरू असफल हुँदै गरेको सूचकांकमा तुलनात्मक सुधार भनेको अन्तिम नतिजा होइन। बरु आगामी वर्षहरू विगतका वर्षभन्दा बढी काम गर्न सकेमा महत्वपूर्ण हुनेछन् भन्ने संकेत मात्र हो। यस आधारमा, वर्तमान सरकारका लागि निम्न तीन प्रस्ताव प्रषित छन्।

१. योजनालाई मात्र नीति कार्यक्रममा समावेश गरी बजेटसँग संस्थागत रूपमा जोड्नेः सोहाँ योजनाको एसडिजी तालमेल आफैंमा पर्याप्त छैन। विगतको बजेट निर्माण र विनियोजनमा अबन्डाको अंशबाट खर्च गर्ने, नीतिमा समावेश भएका कुरालाई बजेटले सम्बोधन नगर्ने वार्षिक बजेट छुट्टै राजनीतिक समय तालिकामा आबद्ध गर्ने, आधिकारिकभन्दा छुट्टै व्यक्तिद्वारा दायर र विनियोजन गर्ने तथा संसदवा आफ्ना क्षेत्र र पार्टीको पक्षका लागि योजना नपढी नै स्वीकृति जनाउने र स्रोत निर्धारण हुने गरेकाले यो रोकिनुपर्छ।

२. गैरसरकारी संस्था तथा सामुदायमा आधारित संस्थासँगको संवाद औपचारिक र नियमित बनाउनेः राष्ट्रिय योजना आयोगले आफूलाई 'बौद्धिक केन्द्र' भन्ने हो भने यसले स्थानीय सरकार सरोकारवाला संस्थाहरूबाट नियमित र संरचनागत जानकारी प्राप्त गर्नुपर्छ। विषयगत समिति र संसदीय समितिमा पनि नागरिक संस्थाको आधिकारिकतासहितको प्रतिनिधित्व गराउन आवश्यक छ। वार्षिक समीक्षा वा राष्ट्रिय विकास समस्या समाधानसमितिको बैठकलगायतमा गैससस लाई एक सिट दिनुले मात्र पुग्दैन।

३. गैरसरकारी संस्था नियमन विधेयकलाई नियतको कसीका रूपमा हेर्नेः सहभागितामूलक, दूरदर्शितामा आधारित योजना चाहन्छु भन्दै नागरिक समाजको स्थान साँघुऱ्याउने कानुन एकैसाथ ल्याउनु विरोधाभासपूर्ण हो। विगत तीन दशकको खुला नागरिक क्षेत्रले नै नेपालको एसडिजी सुधारमा टेवा पुऱ्याएको छ। प्रशासनिक नियमनका नाममा यो स्थान साँघुऱ्याउँदा हालसम्मको उपलब्धि नै उल्टिने जोखिम रहन्छ।

दीपावलीको सांस्कृतिक र धार्मिक महत्व



दमक/ दीपावली/दिवाली पर्व प्राचीन कालदेखि नै मनाइदै आएको छ। यद्यपि, यो पर्व मनाउने तरिकाहरू पनि समयसँगै परिवर्तन भएका छन्। हिन्दू पात्रो अनुसार, दीपावली प्रत्येक वर्ष कार्तिक महिनाको कृष्ण पक्ष (कालो पखवाडा) को अमावस्या तिथिमा मनाइन्छ। दीपावली शब्द "गहिरो" (बत्ती) र "अवली" (पङ्क्ति) शब्दहरूबाट आएको हो, जसको अर्थ "बत्तीहरूको पङ्क्ति" हो। यो बत्तीको माला लगाएर मनाइने पर्व हो। वैदिक प्रार्थना "तमसो मा ज्योतिर्गमय" हो, जसको अर्थ "दीपावली" अन्धकारबाट उज्यालोतिर लैजाने पर्व हो।

प्राचीन समयमा, यसलाई दीपोत्सव भनिन्थ्यो, जसको अर्थ बत्तीहरूको पर्व हो। भनिन्छ कि कार्तिक अमावस्याको रात अन्य सबै अमावस्याको रातहरूमध्ये सबैभन्दा अँध्यारो हो, त्यसैले अन्धकार हटाउन यस दिन बत्ती बाल्ने परम्परा छ।

पछिल्लो अनुसन्धान अनुसार, सिन्धु घाटी सभ्यता लगभग ८,००० वर्ष पुरानो हो। यसको अर्थ सिन्धु घाटीका मानिसहरू ईसापूर्व ६,००० वर्ष पहिले बाँचेका थिए। यसको अर्थ रामायण कालभन्दा पहिले पनि सिन्धु घाटी सभ्यताको उत्खननमा पकाएको माटोको बत्तीहरू फेला परेको छ, र ३५०० ईसापूर्वको मोहेन्जोदारो सभ्यताबाट उत्खनन गरिएका भवनहरूमा बत्तीहरू राख्नको लागि तखताहरू बनाइएको थियो। मुख्य प्रवेशद्वारलाई उज्यालो पार्न खालका श्रृंखलाहरू थिए। मोहेन्जोदारो सभ्यताको अवशेषहरूमा फेला परेको माटोको मूर्ति अनुसार, त्यस समयमा पनि दीपावली मनाइन्थ्यो। त्यो मूर्तिमा, माता देवीको दुवै छेउमा बत्तीहरू जलिरहेको देखिन्छ। यसले स्वतः प्रमाणित गर्छ कि यो सभ्यता एक हिन्दू सभ्यता थियो जसले दीपावलीको पर्व मनाउँथ्यो।

दीपावली मूल रूपमा यक्ष र गन्धर्व जातिको उत्सव थियो। यक्षहरूले दीपावलीको रात आफ्ना राजा कुबेरसँग रमाइलो र रमाइलोमा बिताउँथे र आफ्ना यक्षिणीहरूसँग रमाइलो गर्थे भन्ने विश्वास गरिन्छ। पछि, यो पर्व सबै जातिको लागि प्रमुख पर्व बन्यो।

यसरी सुरू भयो देउसीभैलो खेल्ने चलन



दमक/ कार्तिक कृष्ण औंसीको साँझमा घरघरमा लक्ष्मीपूजा गरेपछि रातभरि गाइने गाथालाई भैलो भनिन्छ। भैलो महिलाले गाउँछन्, विशेषगरी साना नानी र किशोरीहरूले। गोवर्धनपूजाका दिन पुरुषहरूले देउसी खेल्छन्। कतिपय ठाउँमा त तिहारमा सुरु भएको देउसी एकादशीसम्म चल्ने गर्दछ।

देउसीखेल्ने परम्परासँग बलिराजाको कथा जोडिएको छ। दानवराज बलिले वामन अवतारूपी नारायणले मागेको तीन पाइला जमिनमध्ये दुई पाइलामा सम्पूर्ण भूभाग ढाकिएकोले तेस्रो पाइलामा आफ्नो शिर दिएका थिए।

त्यसबेला नारायणले 'देऊ शिर' भनी मागेकाले अपभ्रंश भई देउसीको गाथा चलेको हो भनिन्छ। आफ्नो सर्वस्वहरण भई पातालमा पुगेका बलिलाई विष्णुले वर्षको तीन दिन पृथ्वीमा तिम्रो आधिपत्य रहनेछ भन्ने वरदान दिएको स्मरण गर्दै मानिसहरूले देउसीभैलो खेल्ने परम्परा चलाएका हुन् भन्ने विश्वास गरिन्छ।

यसैकारण पनि देउसीभैलोमा बलि राजाले पठाएको प्रसंग जोड्दै उनको गाथा गाउने गरिन्छ। धार्मिक एवं सांस्कृतिक दृष्टिले तिहारलाई जति छ, यसको साहित्यिक पक्ष पनि त्यतिकै प्रबल रहेको छ।

वर्षौं अघिदेखि गाउँका कुनाकन्दरामा सिर्जना भएका र समय र स्थानअनुसार परिमार्जन हुँदै आएका साहित्य पनि कम्ता मजबुत हुँदैनन् भन्ने प्रमाण तिहारमा खेलिने देउसीभैलो चुट्का, बालन, भजन आदिले दिइरहेका हुन्छन्। तिनमा भएका शब्दको प्रयोग र सबैको मन जित्न सक्ने प्रस्तुतिले यसको पुष्टि गर्छ।

सुरुदेखि अन्त्यसम्म एउटै फाँकीमा गाइने देउसीभैलो ठाउँअनुसार फरक लवजका भएको पाइन्छ। भैली गाउँदा कतै लेग्रो तानेर 'भइ्यलो' भनिन्छ भने कतै भैलीराम वा कतै 'भैलिनी हो'। यस्तै देउसीमा पनि कतै 'देउसी रे', 'चौसी रे' 'देउसीराम' कतै 'देउसु रे' भनेको पाइन्छ। देउसीभैलो गाउँदा बीचबीचमा ठाउँअनुसारका अन्य लोकगाथाहरू पनि जोडिन्छन्।

महाकवि लक्ष्मीप्रसाद देवकोटा: "साहित्यका उज्याला दीप"



◆ विमल लामिछाने



तिहार भन्ने वित्तिकै नेपालीहरूको मानसपटलमा लक्ष्मी पूजाको रिल घुम्न थाल्छ। कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको रूपमा मनाइदै आएको छ। नेपाली साहित्यमा 'महाकवि'उपाधिले सम्मानित देवकोटा बहुप्रतिभाशाली व्यक्तित्व थिए जसले कविता, निबन्ध, नाटक, गद्य, पद्य, अनुवाद, बाल साहित्यलगायतका विधामा आ"नो गहिरो प्रभाव छाडेका छन्। उनको योगदान मात्र साहित्यमा सीमित थिएन, सामाजिक चेतना, मानवतावाद र राष्ट्रिय चेतनाका धारहरू समेत उनका रचनाहरूमा स्पष्ट देखिन्छन्।

बाल्यकालदेखि नै विलक्षण प्रतिभाका धनी देवकोटा वि.सं. १९६६ सालमा काठमाडौंको डिल्लीबजारमा जन्मिएका हुन्। लक्ष्मीपूजाकै दिन जन्मिएकाले उनको नाम 'लक्ष्मीप्रसाद' र ऋषिको भनिन्छ। अंग्रेजी साहित्यमा अध्ययन पूरा गरेका देवकोटाले नेपाली, संस्कृत र अंग्रेजी तीनै भाषामा गहिरो पकड जमाएका थिए।

देवकोटाको साहित्यिक यात्रा

उनका रचनाहरूले नेपाली साहित्यलाई नयाँ दिशा दिएका छन्। मुनामदन जस्तो जनप्रिय काव्यकृतिले प्रेम, पीडा र त्यागको भावलाई सरल भाषामा जनमानससम्म पुऱ्यायो। पागल कवितामा उनले आ"नो मानसिक अवस्थामार्फत समाज र अस्तित्वप्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन्। यस्तै सुलोचना, शाकुन्तल, सती जस्ता महाकाव्यहरू पौराणिक कथामा आधारित भए पनि आधुनिक सोच भल्काने गरी लेखिएका छन्।

नाटक, निबन्ध र बाल साहित्यमा पनि उनको कलम उत्तिकै प्रभावशाली छ। अग्नि कोष, मृत्युपर्यन्त जस्ता नाटकहरूले न्याय, नैतिकता र समाजको अन्तर्द्वन्द्वलाई उजागर गर्छन्। निबन्धहरूमा मानवता, शिक्षा, राष्ट्र प्रेम जस्ता विषयवस्तु उठाउँदै देवकोटाले गहिरो सन्देश दिएका छन्। बालबालिकाका लागि लेखिएका भक्त बहादुर र मेरो कुकुर जस्ता र चनाले सरल भाषामा जीवनोपयोगी पाठ सिकाउँछ।

आज यस लेखनीमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अन्तिम कविता स्मरण गर्नु सान्दर्भिक हुन्छ जस्तो लाग्छ। प्रस्तुत छ, देवकोटाको अन्तिम कविता मृत्यु शैयाबाट साभार गरिएको यो कविता हेरौं।

संसार स्वी सुख स्वर्गमित्र
सबैं रमाएँ लिई मित्र चित्र
सारा भयो त्यो मरूभूमि तुल्य
राते परे भैं अब बुझ्छु बल्ल ।

रहेछ संसार निशा समान
आएन ज्यूँदै हर्षँदा नि ज्ञान
आखिर श्रीकृष्ण रहेछ एक
न भक्ति भो, ज्ञान न भो विवेक ।

महामरूमा कणभैं म तातो
जलेर मर्दा विनु आश लाटो
सुकी रहेको तरूभैं छु खाली
चितान्नि तापी जल डाल्न फाकी ।

संस्कार आफ्नो सब नै गुमाएँ
म शून्यमा शून्यसरी विलाएँ
जन्मैं म यो स्वर्गविषे पलाएँ
आखिर मै खाक त्यसै विलाएँ ।

अस्पतालको शैयाबाट लेखेको यो देवकोटाको जीवनको अन्तिम कविता थियो। देवकोटाको काव्यशैलीमा भावनाको गहिराइ, दर्शनको उच्चता र भाषाको मधुरता एकसाथ मिसिएको पाइन्छ। उनले साधारण जनताको पीडा र संवेदना कवितामा उतारेर साहित्यलाई जीवनसँग जोडिदिए। मुनामदन उनको सर्वाधिक चर्चित कृति हो, जसले नेपाली समाजको आत्मा बोल्छ। देवकोटाले नेपाली साहित्यलाई केवल सुन्दर शब्दको संसार मात्र बनाएनन्, उनले साहित्यलाई जीवन र मानवीय संवेदनाको सजीव रूप दिए। मुनामदनमार्फत उनले जनताको दुःख, श्रम र प्रेमलाई यति गहिरो भावनामा प्रस्तुत गरे कि त्यो आज पनि नेपाली मनमा अजर अमर बनेर बाँचिरहेको छ।

देवकोटाको कलम कविता, नाटक, निबन्ध, कथा, अनुवाद आदि सबै क्षेत्रमा उस्तै सशक्त थियो। शेक्सपियर र मिल्टन जस्ता पश्चिमी साहित्यकारहरूका कृतिहरूलाई नेपालीमा स्थानान्तरण गर्दै उनले नेपाली भाषालाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गरे। देवकोटाको लेखनीमा मानवता, करूणा र सौन्दर्यप्रेमको गहिरो चेतना झल्किन्छ। उनको कविता केवल शब्द(जाल मात्र होइनन्, मनुष्यत्वको उद्गार पनि हो। देवकोटाको योगदान केवल साहित्यमा सीमित छैन, उनी शिक्षाको क्षेत्रमा पनि अग्रणी चिन्तक थिए। उनले नेपाली शिक्षामा सिर्जनशीलता र आलोचनात्मक सोचको आवश्यकता औल्याए। उनको जीवन र रचना आज पनि प्रेरणाको स्रोत बनेको छ।

उनका लेखनमा गरिबी, असमानता, जातीय भेदभावजस्ता सामाजिक समस्यामाथि गहिरो टिप्पणी पाइन्छ। मानवताको पक्षमा उभिएको उनको लेखन जनताको लागि लेखिएको लेख हो। जटिल विषयवस्तुलाई सरल भाषामा प्रस्तुत गर्ने उनको कला अद्वितीय थियो भन्न सकिन्छ। नेपाली साहित्यलाई आधुनिक दिशा दिनमा देवकोटाको योगदान महत्वपूर्ण छ। उनले परम्परागत ढाँचालाई तोडेर व्यक्तिगत अनुभव, वैज्ञानिक सोच र सामाजिक विवेकलाई साहित्यमा समेट्ने काम गरेका छन्। हरेक रचनामा भाषा, विषय र शैलीमा नवीन प्रयोग देखिन्छ।

नेपाली साहित्यिक आकाशमा अमर ज्योति बनेर उदाएका महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाम सुन्नासाथ सिङ्गो नेपाली समाज अद्वितीय गौरवको अनुभूति गर्दछ। उनी विचारक, शिक्षाशास्त्री, अनुवादक, रचनात्मक लेखक र मानवतावादी चिन्तक पनि थिए। उनी विचार का उज्याला दीप, भावनाका नदी र मानवीय चेतनाका उच्च शिखर थिए। वि.सं. २०१६ भाद्र २९, तदनुसार १४ सेप्टेम्बर सन् १९५९ मा महाकवि देवकोटाको निधन भयो। उनको लेखनीले नेपाली भाषालाई नयाँ उचाइमा पुऱ्यायो र साहित्यलाई जनमानससँग जोड्ने सम्बन्ध सेतुको आधार बनायो। आजपनि हामी उनलाई सम्झिरहेका छौं।

पाँचथरमा डिभिजन कार्यालय उद्घाटन

पाँचथर/ पाँचथरको फिदिममा पूर्वाधार विकास मन्त्रालय मातहतको पूर्वाधार विकास डिभिजन स्थापना भएको छ।

जिल्ला समन्वय समितिको कार्यालयमा स्थापित डिभिजनको बुधवार फिदिम नगरपालिकाका प्रमुख मित्रप्रसाद काफ्ले र पाँचथरका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले उद्घाटन गरे।

पाँचथर, तेह्रथुम र ताप्लेजुङ कार्यक्षेत्र रहेको डिभिजनमा ११ जना कर्मचारीको दरबन्दी छ। मन्त्रिपरिषद्को गत असोज १३ गतेको निर्णयबमोजिम स्थानीय पूर्वाधार विकास विभाग मातहतमा डिभिजन स्थापना भएको डिभिजन प्रमुख रामआशिष शाहले जानकारी दिए।

डिभिजनले पर्यटकीय सडक, स्थानीय तहका केन्द्र जोड्ने सडक, वडा कार्यालय जोड्ने सडक, सडक पुल र झोलुङ्गे पुल निर्माणलगायत क्षेत्रमा कार्य गर्ने क्षेत्राधिकार पाएको डिभिजन प्रमुख शाहले बताए। साते प्रदेशमा रहेका पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन कार्यालयको मातहतमा देशभरिमा २१ वटा डिभिजनमध्ये कोशी प्रदेशको पाँचथरमा पहिलो डिभिजन स्थापना भएको हो।

कोशी प्रदेशमा पाँचथर डिभिजनले तेह्रथुम र ताप्लेजुङको काम गर्ने छ। कार्यालय स्थापना हुँदा स्थानीय तहलाई काम गर्न सघाउ पुग्ने भएको छ।





स्वास्थ्य

तेजपत्ता: सौन्दर्यका लागि वरदान

दमक/ सामान्यतया हामी तेजपत्तालाई एउटा सुगन्धित मसलाका रूपमा मात्र चिन्छौं, जसले तरकारी वा पुलाउको स्वाद बढाउँछ। तर, प्राकृतिक गुणले भरिपूर्ण तेजपत्ता सौन्दर्य निखारका लागि पनि उत्तिकै प्रभावकारी मानिन्छ। छाला (त्वचा) र कपालको समस्या समाधानमा यसको प्रयोग निकै लाभदायक हुन्छ।

तेजपत्तालाई सौन्दर्यका लागि निम्न ५ तरिकाले प्रयोग गर्न सकिन्छः

१. अनुहारका काला दाग हटाउन

यदि तपाईको अनुहारमा डण्डीफोर वा अन्य कारणले काला दागहरु बसेका छन् भने तेजपत्ता निकै सहयोगी हुन्छ। यसका लागि तेजपत्तालाई पानीमा राम्रोरी उमाल्ने र उक्त पानीले नियमित अनुहार धुने गर्नाले छाला सफा हुनुका साथै दागहरु बिस्तारै हराउँदै जान्छन्।

२. घामबाट डढेको छालाको सुरक्षा

कडा घामका कारण छाला डढ्ने वा छालाको रङ्ग असमान हुने समस्या छ भने तेजपत्ताको पानी प्रयोग गर्न सकिन्छ। यसले छालालाई प्राकृतिक शीतलता प्रदान गर्नुका साथै रङ्गमा एकरूपता ल्याउन मद्दत गर्छ।

३. रेशमी र चमकदार कपालका लागि

कपालको प्राकृतिक चमक हराएको छ वा खस्रो भएको छ भने तेजपत्ताको पानीले कपाल धुने गर्नुहोस्। यसको नियमित प्रयोगले कपाललाई नरम, मुलायम र चमकदार बनाउन मद्दत गर्छ।

४. छालाको पोषण र सफाइ

तेजपत्ताको पातलाई पिसेर लेप बनाउने र त्यसमा दही मिसाएर अनुहार तथा शरीरमा लगाउनाले छालाको गहिरो सफाइ हुन्छ। यसले छालालाई आवश्यक पोषण प्रदान गरी प्राकृतिक रूपमै चम्किलो बनाउँछ।

५. बलियो र सेतो दाँतका लागि

तेजपत्ता दाँतको चमकका लागि पनि अचुक औषधि हो। तेजपत्तालाई घाममा सुकाएर धुलो बनाउने र उक्त धुलोले दाँत माझने गर्नाले दाँतको पहेलोपना हट्छ। यसले दाँतलाई मजबुत बनाउनुका साथै मुस्कानमा चमक थप्छ।

दैनिक राशिफल



आज मिति २०८३ साल कार्तिक २२ गते सोमबार
8 Nov. 2026
तिथि: चतुर्दशी
लक्ष्मी पुजा

ज्यो. लक्ष्मी प्र. दकाल
ठेगाना : दमकपस नोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६४३१०८८२/९८१७००५१६५

मेष — च चे लो ला लि लैं ले लो अ
मनमा अशान्ति। कामामा बाधा। आम्दानी कम।

ऋषभ — इ उ ए ओ वा वि वु वे वो
पारिवारीक कलह। सामान्य लाभ।

मिथुन — का कि कु घ ङ घ्र के को हा
शत्रु बढ्ने। भाइबहिनीको सहयोग मिल्ने।

कर्कट — (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
पढाईमा सफलता। लेनदेनमा अने केही समस्या

सिंह — मा मि मु मे मो टा टि टु टे
पारिवारिक झमेला। मित्रबाट सहयोग। कृषि कार्यमा लाभ।

कन्या — टो प पी पै ष ण ठ पे पो
शत्रु पराजय। पराक्रम बढ्ने। मन प्रशन्न रहला।

तुला — (रा, रि, रु, रे, रै, रो, ता, ति, तु, ते)
बोलीको प्रभाव बढेर जाला। पढाईमा सफलता।

वृश्चिक — तो ना नि नैं ने नो या वि यु
कार्यमा सफलता। मातापिताबाट सहयोग।

धनु — य यो भा भी भ धा फा ढ भे
कामामा बाधा। शत्रुको भय। मन खिन्न।

मकर — भौ जा जी खि खु खे खो गा गी
आफन्तबाट सहयोग। व्यापार व्यवसायबाट लाभ।

कुम्भ — गैं गे गो सा सी सैं से सो द
थालेको कार्यमा बाधा। शत्रु बढेर जाला।

मीन — दि दु थ झ ञ दे दो चा ची
अनुहारमा समस्या। मित्रहरु दाहिना होलान्।

पशुपति कीर्तन मण्डलीको साधारणसभामा सम्मानित



दमक/झापाको दमक-८ स्थित पशुपति कीर्तन मण्डलीले वरिष्ठ ज्येष्ठ अभिभावक, अक्षयकोषदाता तथा जेहेन्दार विद्यार्थीलाई सम्मान र पुरस्कार दिँदै संस्थाको १० औं वार्षिक साधारण सभा भव्यतापूर्वक सम्पन्न गरेको छ । शनिवार स्थानीय मित्रता ब्याडमिन्टन कोर्टको हलमा आयोजित साधारण सभामा ४ जना वरिष्ठ ज्येष्ठ अभिभावक, ७ जना अक्षयकोषदाता र ६ जना विद्यार्थी सम्मानित एवं पुरस्कृत भएका हुन् ।

ज्येष्ठ अभिभावक र अक्षयकोषदातालाई अबिर टीकासहित दोसल्ला र सम्मान पत्रले सम्मानित गरिएको थियो । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा र विशेष अतिथि दमक-८ का वडाध्यक्ष धर्मप्रसाद (दीपेश) दाहालले सम्मान पत्र प्रदान गरे । यसरी सम्मानित हुनेहरुमा कीर्तन मण्डलीका ज्येष्ठ अभिभावक सदस्य कर्णबहादुर भट्टराई, डिल्लीप्रसाद न्यौपाने, प्रह्लादकुमार पौडेल र यसबहादुर निरौला तथा अक्षयकोषदाताहरुमा टेकनाथ/गोमादेवी भण्डारी, लीलादेवी सुवेदी, प्रह्लाद/रुपाकुमारी पौडेल, सावित्रा काफ्ले अधिकारी, मञ्जु काफ्ले धितोल, कुसुम काफ्ले गुरुगाई र कांया अधिकारी रहेका छन् । अक्षयकोषमा उल्लेख्य रकम प्रदान गरेर योगदान पुऱ्याएको भन्दै अक्षयकोष दातालाई सम्मान गरिएको हो ।

अर्कातर्फ लोकनाथ-केशकुमारी दाहाल सेवा स्मृति कोषबाट जेहेन्दार तथा अनुशासित विद्यार्थीहरु पशुपति संस्कृत माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा १० का मिकसन राई र कृतिका पोइरालाई जनही ७ हजार ५०५ नगद सहित पुरस्कृत र सम्मानित गरियो । उनीहरुलाई प्रशंसा पत्र पनि प्रदान गरिएको थियो । त्यसैगरी पशुपति संस्कृत मा.वि.कै कक्षा ५ का अल्विन लिम्बू र कक्षा ६ की अंशु गुप्ता तथा अर्को स्थानीय जनता आधारभूत विद्यालयको कक्षा ८ की ज्योति चम्लागाई र कक्षा ६ का सबिन धामीलाई भने जनही किताब बोकने झोला (व्याग), १ दर्जन कापी र डटपेन दिएर सो कोषअन्तर्गत शैक्षिक प्रोत्साहन पुरस्कार प्रदान गरियो । यी पुरस्कारहरु कोषका अध्यक्ष विश्वनाथ दाहाल र विशेष अतिथि वडाध्यक्ष दाहालले हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा वर्षभरिको नियमित कीर्तनमा ज्ञान मञ्च प्रतियोगितामा उत्कृष्ट र सबैभन्दा धेरै उपस्थिति जनाउनेलाई पनि अबिर टीका र खादाले सम्मान गरिएको थियो । साधारण सभामा पशुपति कीर्तन मण्डली तथा सो कार्यक्रमकी अध्यक्ष डोयना दाहालले तयार पारेको संस्थाको वार्षिक प्रतिवेदन कोषाध्यक्ष प्रेमप्रसाद निरौला र लेखा सुपरिवेक्षण प्रतिवेदन लेखा संयोजक लीलानाथ आचार्यले प्रस्तुत गरेकोमा आवश्यक छलफल सहित बन्द सत्रमा पारित गरिएको थियो । प्रस्तुत प्रतिवेदनअनुसार कीर्तन मण्डलीको अक्षयकोषमा गत आर्थिक वर्ष सम्मको हिसाब अनुसार २१ लाख ७ हजार ७४५ र बैंकको मुद्दति खातामा २४ लाख ५० हजार राशी जम्मा रहेको छ ।

कार्यक्रममा प्रमुख अतिथि दमक नगरप्रमुख थापाले नेपालीहरुको धर्म, संस्कृति र संस्कारलाई जगेर्ना गर्न साथै सामाजिक सेवाको काममा पशुपति कीर्तन मण्डलीको समाज सेवा, सकियता र पहल अब्बल साथै उदाहरणीय रहेको बताए । विशेष अतिथि वडाध्यक्ष दाहालले यस कीर्तन मण्डलीको आर्थिक हिसाब किताब हेर्दा सम्पन्न र समृद्ध रहेको आफूलाई लागेको बताउँदै नेपालीहरुको धर्म संस्कृतिलाई जगेर्ना पुऱ्याएको योगदानका लागि संस्थाको नेतृत्वलाई विशेष धन्यवाद दिए । कीर्तन मण्डलीलाई बडाले पनि सकेको सहयोग र संरक्षण गर्ने उनको धारणा थियो । त्यससँगै कार्यक्रममा पशुपति संस्कृत मा.वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लुइँटेलले पनि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पुरस्कृत गरेर उनीहरुलाई मेहेनतका साथ अध्ययन र भविष्य बनाउन प्रेरणा दिएकोमा मुरी मुरी धन्यवाद दिए ।

साधारण सभामा जनता आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष शान्ता राई र प्रधानाध्यापक केदार सुवेदी, ज्येष्ठ आवाज अनलाइन पत्रिकाका प्रधान सम्पादक पंकज दाहाल र पत्रकार मनकुमार गदालको आतिथ्यता रहेको थियो । कीर्तन मण्डलीकी उपाध्यक्ष होमादेवी खनालले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन संस्थाकी सचिव सीता पाठक दुलालले गरेकी थिइन् ।

डोयना नै अध्यक्षमा



पशुपति कीर्तन मण्डलीको साधारण सभाले समितिमा केही फेरबदल गरेपनि अध्यक्षमा भने पुनः डोयना दाहाललाई नै सर्वसम्मत चयन गर्दै१३ सदस्यीय समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा होमादेवी खनाल, सचिवमा प्रेमप्रसाद निरौला, सह-सचिवमा सुशीलकुमार निरौला, कोषाध्यक्षमा राजकुमार भट्टराईलाई जिम्मेवारी तोकिएको छ । त्यस्तै सदस्यहरुमा भने विष्णु भट्टराई, दुर्गा बुंगाना, निर्मल खड्का, हरिप्रसाद खतिवडा, सुमित्रा पौडेल, सूर्यकुमारी भट्टराई, अम्बिका पाठक र अञ्जना खरेल चयन भएको अध्यक्ष डोयना दाहालले जानकारी गराइन् ।

ठिहार र छठमा विद्युत् नजाने

दमक/ नेपाल विद्युत् प्राधिकरणले यही वर्षको तिहारको लक्ष्मीपूजाका दिन साँझ विद्युत्को अधिकतम माग करिब एक हजार ७०० मेगावाट हुने अनुमान गरेको छ ।

प्राधिकरणले तिहारको लक्ष्मीपूजाको दिन विद्युत्को पर्याप्त उपलब्ध गराउने जनाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले तिहारको लक्ष्मीपूजाको दिन आवश्यक पर्ने विद्युत् आन्तरिक उत्पादनबाटै पर्याप्त हुने बताएका छन् ।

सो अवधिमा विद्युत् उत्पादन करिब दुई हजार ५०० मेगावाट हुने प्रक्षेपण गरिएको छ । उनले आन्तरिक मागभन्दा उत्पादन बढी हुने भएकाले विद्युत् आपूर्ति सहज बनाउन पर्याप्त विद्युत् उपलब्ध हुने दावी गरे ।

प्राधिकरणले तिहार तथा छठ पर्वका अवसरमा उपभोक्तालाई भरपर्दो, नियमित र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्न विशेष तयारीसमेत गरेको जनाएको छ ।

कार्यकारी निर्देशक श्रेष्ठले पर्व अवधिभर विद्युत् आपूर्तिमा अवरोध हुन नदिन आवश्यक सम्पूर्ण तयारी गर्न सम्बन्धित कार्यालय प्रमुखहरूलाई निर्देशन दिएका छन् । विद्युत् आपूर्तिमा कुनै समस्या देखिएमा तत्काल मर्मतसम्भार गरी सेवा सञ्चालन गर्न प्राविधिक टोलीलाई तयारी अवस्थामा राख्न उनले निर्देशन दिएका छन् ।

त्यसैगरी, प्रसारण लाइन तथा वितरण प्रणालीको निरीक्षण र मर्मतसम्भार गर्न बाँकी रहेका कार्य तत्काल सम्पन्न गरी विद्युत् आपूर्तिमा हुन सक्ने सम्भावित अवरोध न्यूनीकरण गर्न निर्देशन दिइएको छ । विद्युत् आपूर्तिसम्बन्धी गुनासो तत्काल सम्बोधन गर्न नो लाइट सेवामा प्राप्त हुने फोन नियमित रूपमा उठाउने र गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउनसमेत सम्बन्धित कार्यालय प्रमुखहरूलाई निर्देशन दिइएको छ ।

तिहारको महत्व र विशेषता

तिहार हिन्दु धर्मावलम्बीहरुको दशैं पछिको सबैभन्दा ठूलो पर्व हो । यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । यो पाँच दिवसीय पर्व विशेष गरी नेपालमा मनाइन्छ । हिन्दू धर्मावलम्बीले दीपावली (दिवाली)को रुपमा यस पर्वलाई धूमधामसाथ मनाउँछन् ।

यस पर्वको नाम हिन्दी शब्दको 'त्योहार' शब्दबाट विकृत हुँदै तिहार बनेको अनुमान लगाइन्छ। यसलाई दीपावली अनि दिवाली नामले पनि चिनिन्छ । यस पर्वलाई नेपाल लगायत विश्वका धुपै देशमा धूमधामसाथ मनाइन्छ । यसलाई दीपावली अनि दिवाली नामले पनि चिनिन्छ । यही दिन भगवान् धनवन्तरीको जन्म भएको हुनाले यसलाई धनवन्तरी जयन्ती वा धनतरेस पनि भनिन्छ। यसै दिन साँझमा घरको मूलद्वारको सामु यमराजलाई दीपदान गर्नाले मृत्युदेव प्रसन्न भई आरोग्यता तथा दीर्घजीवन प्रदान गर्छन् भन्ने विश्वास छ । त्यो घरमा कहिल्यै पनि अपमृत्यु वा अल्पमृत्यु हुँदैन भन्ने मान्यता छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई र लक्ष्मी, गोरु-गोवर्धन र भाइ पुजा गरिन्छ ।

पाँच दिनसम्म मनाइने तिहारको सम्बन्धमा हिन्दू धर्मशास्त्रका पौराणिक कथाहरूको अनुसार सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दू शास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा-बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई "जे मन लाग्छ वर माग" भन्दा यमुनाले 'हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयु, कीर्ति सदा वृद्धि होस्' भन्ने वरदान मागिन् ।

यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले यी पाँच दिनलाई यमपञ्चक भनिएको हो भन्ने पौराणिक मान्यता रहिआएको छ । तिहार भनेको प्रकृतिपूजक पर्व पनि हो । वर्षभरि कामmा लगाइने जीवजन्तुदेखि सन्देशवाहक पन्छी काग र पानीको प्रमुख स्रोत मानिने पर्वतको पुजा गर्नु भनेको प्रेम, सद्भाव र मैत्रीको प्रतीकस्वरुप हो । काग तिहार र कुकुर तिहार मनाएपछि गाइ पुजा र लक्ष्मी पुजा गर्ने चलन रहँदै आएको छ ।

गाइ तिहार, लक्ष्मीपूजा

तिहारको पाँच दिनमध्ये तेस्रो दिन कार्तिक कृष्ण अमावश्या अर्थात् औंसीको दिन हो । यो दिनलाई गाई तिहार पनि भनिन्छ । यो दिनको राति धनकी देवी लक्ष्मीको पूजा गरिन्छ । यो दिन लक्ष्मीको पूजा गर्न सयपत्री, मखमली फूल, अक्षता, अबिर, केशरी, जौ तिल, दही, पञ्चामृत, बस्त्र, शृंगारका सामग्री, नरिवल, लाबा, मौसम वा अमिलो, जुनार, कपूर, सिन्के धूप, गायी, पैसा ढुकुटी पूजा गर्न तथा आँगन लिप्न रातो माटोको आवश्यकता पर्छ । सेलरोटी पनि लक्ष्मीलाई प्रसादका रूपमा चढाइन्छ ।

घरका महिलाले आँगनलाई सफा-सुग्घर पारी रातो माटोले लिपपोत गरी लक्ष्मीको स्वागतार्थ ढोकामा सयपत्री तथा मखमली फूलका माला एवं झिलिमिली कागजले सजाउँछन् । त्यसपछि ढुकुटी, कुचो, नाङ्लो, तामाका पात्र आदिको पूजा गरिन्छ । यो दिन आफ्ना गहना पूजा गर्ने चलन छ ।

गोरु तिहार

तिहारको चौथो दिन वा कार्तिक शुक्ल प्रतिपदाको दिनलाई गोरु तिहार भनिन्छ । यस दिन गोरुको पूजा गरी मीठा खानेकुरा तथा पिठो खान दिने चलन छ । पूजा गर्न फूल, अबिर, केशरी, जौ, तिल, धूप, कपूर, चामलको पिठो आदिको आवश्यकता पर्छ । बाली लगाउने प्राणीका रूपमा गोरुको सम्मानमा यो पूजा गरिन्छ ।

भाइ तिहार

यमपञ्चकको पाँचौं दिन भाइ तिहार पर्छ । यो दिन दिदीबहिनीले दाजुभाइको पूजा गरेर निधारमा सप्तरंगी टीका तथा माला लगाइदिने चलन छ । भाइटीकाका दिन सप्तरंगी रंग, पूजा सामग्री, तेल, दूबो, ओखर, सयपत्री, गोदावरी एवं मखमलीका माला, शृंगारका सामान (ऐना, गाजल), मिष्ठान्न परिकार, उपहार, दियो, कलश आदि सामग्रीको आवश्यकता पर्छ । दाजुभाइलाई तिहारमा काजु, पेस्ता, काजी बदाम, सुपारी, च्वाड, अन्जिर, दाख, फलफूल आदि दिने चलन छ भने सेलरोटी, अनरसा, विभिन्न किसिमका मिठाई पनि प्रदान गरिन्छ । सोही दिन यमराजकी दिदी यमुनाले आफ्ना भाइ यमराजको पूजा गरेको विश्वास गरिन्छ ।

यो पर्व दाजुभाइ तथा दिदीबहिनीबीच भेटघाट हुने एवं सम्बन्ध प्रगाढ बनाउने शुभ अवसर पनि हो । दिदीबहिनीद्वारा कहिल्यै नसुक्ने तेल तथा दूबोले छेकी नओइलाउने मखमली एवं सयपत्री फूलको माला लगाइदिने चलन छ । भाइले दुःख दिन नसक्नु भनी ढोकामा ओखर फोरी सप्तरंगी टीका लगाइदिए मीठा-मीठा परिकार खाउने चलन छ । टीका लगाइदिएपछि दिदीबहिनीले उपहार दिन्छन् भने दाजुभाइले पनि आफ्नो गच्छेअनुसार वस्त्र तथा दक्षिणा आदि प्रदान गर्छन् ।

महँगियो**.....**अञ्जिर, च्वाड, सुकुमेल, अलैंची, दालचिनी, मिश्री, काँचो बदाम र कटुसलगायतका सामग्री भाइमसलाका रूपमा प्रयोग गरिन्छन् । यही समयमा यी सामग्रीको खपत पनि उच्च हुने गर्छ ।

आज**.....**लक्ष्मीको पूजाराधना गरिन्छ । लक्ष्मीपूजापछि कन्या र छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन छ । आज घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ ।

लक्ष्मीपूजा सन्ध्याकालमा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस् लक्ष्मी र धनधान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेका छ ।

कुकुर तिहार पनि आजै

यमपञ्चकको तेस्रो दिन आज इमान्दारीपूर्वक घरको सुरक्षामा खटिने कुकुरलाई मीठो खानेकुरा खान दिएर कुकुर तिहार मनाइँदै छ । कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरको पूजा गरी मीठो खान दिए यमलोकको यात्रा गर्दा यमराजको पहरेदारका रुपमा मूलढोकामा बस्ने 'श्याम' र 'सबल' नामका कुकुरले सहजरुपमा बाटो छाडिदिने धार्मिक विश्वास छ ।

घरमा कुकुर पाल्नाले मुटु र मधुमेहजस्ता रोग नलाग्ने आधुनिक वैज्ञानिक मान्यता छ । वैवश्वत मन्वन्तर कुलमा जन्मिएको कुकुर अहिले लोकप्रिय घरपालुवा जनावरका रुपमा समेत स्थापित भएको छ । काग र कुकुरलाई यमदूतका रुपमा मानिन्छ ।

तिहारमा**.....**

प्रधानमन्त्री शाहले नेपाली संस्कृतिमा यमराजलाई डरको प्रतीकका रूपमा मात्र नभई न्यायका प्रतीकका रूपमा समेत बुझिने बताएका छन् । यमराजले दुष्कर्म गर्नेलाई दण्ड र सत्कर्म गर्नेलाई संरक्षण गर्ने धार्मिक मान्यता रहेको उनको भनाइ छ ।


यसैगरी, धन्वन्तरी जयन्तीका अवसरमा आयुर्वेदका प्रवर्तक तथा आरोग्यका देवता भगवान् धन्वन्तरीको स्मरण गर्दै उनले सबैको निरोगी जीवनको कामना गरेका छन् ।

कुकुर तिहारको प्रसंग उल्लेख गर्दै प्रधानमन्त्री शाहले मानव सभ्यताको विश्वासिलो र वफादार साथी कुकुरप्रति प्रेम तथा कृतज्ञता व्यक्त गर्ने पर्वका रूपमा यसको महत्व औंल्याएका छन् ।

घरको सुरक्षादेखि अनुसन्धान र उद्धार कार्यसम्म मानिसलाई सहयोग पुऱ्याउँदै आएका कुकुरको सम्मानमा मनाइने यस पर्वले अन्य जीवप्रतिको सहअस्तित्व, सद्भाव र आत्मीयतालाई अझ बलियो बनाउने विश्वास पनि उनले व्यक्त गरेका छन् ।

प्रधानमन्त्री शाहले यी चाडपर्वले सत्य, न्याय र इमानदारीको बाटोमा अडिग रहँदै समाजमा सुशासन र जनपक्षीय काम गर्ने प्रेरणा प्रदान गरून् भन्ने कामना गर्दै आफ्नो सन्देशको अन्त्यमा 'जय देश, जय संस्कृति' भनेका छन् ।











◆ प्रकाशक : कल्याणी दाहाल ◆ सम्पादक : गज्ज बहादुर दाहाल ◆ लेआउट : सुरेन बरुनेत ◆ मुद्रण अमरज्योति अफसेट प्रेस, दमक-११, ◆ कार्यालय : दमक-५, एलम्बर चोक, ◆ सम्पर्क ०२३-५८०२७२ ◆ इमेल : janajoytiweekly01@gmail.com